# रीता र बाँदर



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# रीता र बाँदर

लेखक : गोपिनी पाण्डे
चित्र : समित श्रेष्ठ
प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७४

रुम टु रिडले विकसित गरेको यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन् । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।

गइन्

रमाइन्

दिनुभयो

पाइनन्

भन्नुभयो

हेरिन्

थालिन्

रीता एक दिन आफ्ना बुवासँग स्वयम्भू घुम्न गइन् ।



त्यहाँ धेरै बाँदर देखेर
रीता रमाइन् ।




रीताका बुबाले उनलाई केरा खान दिनुभयो ।




एउटा बाँदरले उनको
हातबाट केरा खोसेर लगेछ।
रीताले थाहै पाइनन्।



बुबाले भन्नुभयो, “नडराऊ रीता । बरु हेर त, बाँदरले केरालाई के गर्छ !”



रीताले बुबाको पछाडि लुकेर हेरिन् ।



बाँदरले केरा लगेर
आफ्ना बच्चालाई
दियो । त्यो देखेर
रीता रमाइन् ।



रीता स्वयम्भू जाँदा सधैँ केरा लिएर जान थालिन्।

